# स्थानीय राजपत्र

## ऐरावती गाउँपालिकाद्वारा प्रकाशित

**खण्ड १०** **संख्याः २** **मितिः२०८३/०४/०६**

## भाग २

## ऐरावती गाउँपालिका, प्यूठान

**कार्यपालिकाबाट स्वीकृत २०८३/०३/०४**

यस ऐरावती गाउँपालिका भित्र बिना दर्ता सञ्चालनमा रहेका र दर्ता हुन चाहाने अटो रिक्साहरुलाई व्यवस्थित रुपले सञ्चालन गर्न आवश्यक देखिएकोले समुचित व्यवस्थापनका लागि स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ को उपदफा (४) (ट) ले दिएको अधिकार प्रयोग गरी यो ऐरावती गाउँपालिकाको क्षेत्रभित्रमा संचालित अटो तथा ई-रिक्सा संचालन तथा व्यवस्थापन कार्यविधि, २०८३ लागु गरिएको छ।

# अटो तथा ई-रिक्सा व्यवस्थापन तथा संचालन कार्यविधि, २०८३

## प्रस्तावना,

यस ऐरावती गाउँपालिका भित्र बिना दर्ता सञ्चालनमा रहेका र दर्ता हुन चाहाने अटो रिक्साहरुलाई व्यवस्थित रुपले सञ्चालन गर्न आवश्यक देखिएकोले समुचित व्यवस्थापनका लागि स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ को उपदफा (४) (ट) ले दिएको अधिकार प्रयोग गरी यो ऐरावती गाउँपालिकाको क्षेत्रभित्रमा संचालित अटो तथा ई-रिक्सा संचालन तथा व्यवस्थापन कार्यविधि, २०८३ लागु गरिएको छ।

**१. संक्षिप्त नाम र प्रारम्भः**

(1) यस कार्यविधिको नाम "ऐरावती गाउँपालिका क्षेत्रभित्र अटो तथा ई-रिक्सा व्यवस्थापन तथा संचालन कार्यविधि, २०८३" रहेको छ।

(2) यो कार्यविधि ऐरावती गाउँ कार्यपालिकाबाट स्वीकृत भएको मिति देखि तुरुन्त प्रारम्भ हुनेछ।

**२. परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

(क) "स्थानीय तह" भन्नाले नेपालको संविधानको धारा ५६ को उपधाराको ४ बमोजिम गठित गाउँपालिका सम्झनुपर्छ।

(ख) "कार्यविधि" भन्नाले ऐरावती गाउँपालिका क्षेत्रभित्र अटो ई-रिक्सा तथा व्यवस्थापन तथा संचालन कार्यविधि, २०८३ सम्झनुपर्छ।

(ग) "गाउँपालिका" भन्नाले ऐरावती गाउँपालिका बुझाँउछ।

(घ) "कार्यपालिका" भन्नाले ऐरावती गाउँकार्यपालिका सम्झनुपर्छ।

(ङ) "अध्यक्ष" भन्नाले ऐरावती गाउँपालिकाको अध्यक्षलाई बुझाँउछ।

(च) "उपाध्यक्ष" भन्नाले ऐरावती गाउँपालिकाको उपाध्यक्षलाई बुझाँउछ।

(छ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले ऐरावती गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई बुझाँउछ।

(ज) "वडा अध्यक्ष" भन्नाले ऐरावती गाउँपालिकाको सम्बन्धित वडाको वडा अध्यक्षलाई बुझाँउछ।

(झ) "व्यवस्थापन समिति" भन्नाले यस कार्यविधिको दफा ३ बमोजिम गठित समितिलाई बुझाँउछ।

(ञ) "सवारी साधन" भन्नाले अटो तथा इ-रिक्सालाई सम्झनुपर्नेछ।

(ट) "ऐन" भन्नाले सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ सम्झनु पर्दछ।

(ठ) "नियमावली" भन्नाले सवारी तथा यातायात व्यवस्था नियमावली, २०५४ सम्झनु पर्दछ ।

**३. अटो तथा इ-रिक्सा व्यवस्थापन समिति गठनः** (१) गाउँपालिकाभित्र अटो तथा इ-रिक्सा सञ्चालनलाई व्यवस्थित गर्दै सर्व सुलभ दुर्घटना रहित तबरबाट सेवा सूचारु एवं सुव्यवस्थित गर्न आवश्यक मार्गदशन गर्न गाउँपालिकामा देहाय अनुसारको अटो तथा इ-रिक्सा व्यवस्थापन समिति रहनेछ ।

(क) गाउँपालिका अध्यक्ष - संयोजक

(ख) गाउँपालिका उपाध्यक्ष - सदस्य

(ग) प्रमुख प्रशासकीय अधिकृत - सदस्य

(घ) गाउँ कार्यपालिकाको आर्थिक विकास समिति समिति संयोजक - सदस्य

(ङ) पालिका भित्रको नजिकको प्रहरी कार्यालयको प्रमुख - सदस्य

(च) अटो व्यवसायी समितिका प्रतिनिधि - सदस्य

(छ) जिल्ला ट्राफिक कार्यालयका प्रतिनिधि - सदस्य

(ज) राजस्व तथा लेखा शाखा प्रमुख - सदस्य

(झ) प्रशासन शाखा प्रमुख - सदस्य

(ञ प्रमुख प्रशासकीय अधिकृतले तोकेको अधिकृत स्तरको प्रशासनको कर्मचारी - सदस्य सचिव

(2) दफा ३(१) को (छ) बमोजिमको सदस्य कार्यपालिकाले तोके बमोजिमको समयसम्म पदमा बहाल रहनेछ ।

(३) दफा ३ बमोजिम गठित समितिको बैठक आवश्यकता अनुसार बस्नेछ । बैठक अध्यक्षको आदेशले सदस्य सचिवले बोलाउनेछ।

**४. अटो तथा इ-रिक्सा समितिको काम, कर्तव्य र अधिकारः**

(क) गाउँपालिका भित्र अटो तथा इ-रिक्सा सञ्चालनलाई व्यवस्थित गर्न आवश्यक मार्गदर्शन प्रदान गर्ने,

(ख) अटो तथा इ-रिक्साको पार्किङस्थल तोक्ने,

(ग) अटो तथा इ-रिक्साको स्थान अनुसारको भाडा दर निर्धारण गर्ने,

(घ) सेवा क्षेत्र निर्धारण तथा सेक्टर अनुसार अटो तथा इ-रिक्साको संख्या तोक्ने,

(ङ) गाउँपालिकाको आवश्यकता अनुसारको अटो तथा इ-रिक्साको संख्या तोक्ने,

(च) अटो तथा इ-रिक्साको व्यवस्थापन एवं यात्रुहरु बीच भएको विवादको समाधान गर्न आवश्यक सहजीकरण गर्ने

**५. सवारी साधन दर्ता**

प्रत्येक अटो तथा इ-रिक्सा प्रचलित सवारी ऐन, नियम वमोजिम यातायात कार्यालयमा नियमानुसार दर्ता एवं नवीकरण भई गाउँपालिकामा वार्षिक रुपमा तोकिएको म्यादभित्र तोकेको वार्षिक सवारी कर अनिवार्य बुझाई अनुसूची १ बमोजिमको ढाँचामा निवेदन दिई दर्ता गर्नुपर्ने छ।

**6. अटो तथा इ-रिक्सा दर्ता गर्न पेश गर्नुपर्ने कागजातहरुः** अटो तथा इ-रिक्सा दर्ता गर्न सवारीसाधन सहित सवारीधनी स्वयं उपस्थित भई देहायका कागजात पेश गर्नुपर्नेछः

(१) गाउँपालिकाबाट तोकिएको अनुसूची १ बमोजिमको ढाँचामा निवेदन,

(२) प्रदुषण मापदण्डभित्र परेको प्रमाणित कागजात,

(3) सक्कल भन्सार प्रज्ञापन पत्र र भन्सार महसुल तिरेको रसीद,

(४) फर्मको हकमा फर्म वा कम्पनीमा दर्ता भएको प्रमाणपत्र,

(५) आयकर दर्ता/मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्रको प्रतिलिपि / करचुक्ता प्रमाणपत्र,

(६) सवारी साधनको इन्जिन, च्यासिसको फोटो,

(७) बीमाको कागजात,

(८) सवारी कर तिरेको रसीद,

(९) वित्तीय संस्थाबाट ऋण लगानी भई दर्ता हुनेहरुको हकमा वित्तीय संस्थाको दर्ता प्रमाणपत्र, आयकर प्रमाणपत्र, कर चुक्ता र व्यक्ति भए नागरिकताको प्रमाणपत्र,

**७. सवारी साधन नवीकरणः** गाउँपालिकामा दर्ता भई सञ्चालनमा आएका अटो रिक्सा तथा इ-रिक्साले वार्षिक रुपमा गाउँपालिकामा तोकेको कर बुझाई नवीकरण गर्नुपर्नेछ। नवीकरण गर्दा देहाय बमोजिमका कागजात पेश गर्नुपर्नेछ।

(क) गाउँपालिकाले तोकेको ढाँचाको निवेदन,

(ख) प्रदुषण मापदण्डभित्र परेको प्रमाणित कागजात,

(ग) दर्ता गर्दा वा अघिल्लो आ.व.मा नवीकरण गर्दा बुझाएको सवारी करका रसिदको प्रतिलिपि,

(घ) बीमाको कागजातको प्रतिलिपि,

(ङ) सवारी चालकको सवारी चालक अनुमतिपत्रको प्रतिलिपि,

(च) सवारी धनी स्वयं उपस्थित हुनुपर्नेछ, काबु बाहिरको परिस्थिति उत्पन्न भई सवारी धनी उपस्थित हुन नसकेमा निजले मञ्जुरीनामा दिएको व्यक्ति उपस्थित हुनुपर्नेछ ।

**8. सूचीकरण प्रमाणपत्रः** गाउँपालिकाले माथिका दफाहरुमा भएको व्यवस्था बमोजिम अटो तथा इ-रिक्साको सुचिकरण गरी अनुसूची २ बमोजिमको ढाँचामा प्रमाण-पत्र दिइनेछ ।

**९. रुट निर्धारणः**

गाउँपालिकाभित्र निम्नानुसारका स्थानका लागि तल तोकिए बमोजिमको सेक्टरमा पार्किङ हुनेगरि उल्लेखित संख्यामा अटो तथा इ-रिक्सा सेवा प्रदान गर्न प्रत्येक सवारी साधनका लागि चौमासिक रुपमा गाउँपालिकाको आर्थिक ऐनमा तोकिए बमोजिमको रुट निर्धारण शुल्क लिई रुट निर्धारण पत्र जारी गर्नेछ। निर्धारण पत्र प्रत्येक सबारी साधनले अनिवार्य रुपमा बोक्नुपर्नेछ ।

(१) रुट निर्धारण व्यवस्थापन समितिले देहायको तालिका बमोजिमको ढाँचामा निर्धारण गरे बमोजिम हुनेछ ।

| क्र.स. | सवारी साधन राख्ने स्थानको नाम | सवारी साधन संख्या | सेक्टर | रुट | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |

२) उपदफा (१) बमोजिमको अभिलेखमा उल्लेख भएका स्थान एवं सेक्टरमा सवारी साधन थपघट गर्नुपरेमा दफा ३ बमोजिम गठित समितिले निर्णय गरे अनुसार हुनेछ ।

**१०. सवारी चालकले पालना गर्नुपर्ने नियमहरुः**

(१) प्रत्येक सवारी चालकले निम्नानुसारको नियम अनिवार्य रुपमा पालना गर्नुपर्नेछः

(क) सवारी चालक अनुमति पत्र, सवारी दर्ता किताव, बाटो इजाजतपत्र साथमा लिई मात्र सवारी साधन चलाउनुपर्नेछ ।

(ख) बीमा, नवीकरण गरेको प्रमाणपत्र साथमा लिई सवारी चलाउनुपर्नेछ ।

(ग) अटो रिक्साको यान्त्रिक अवस्था ठिक भए नभएको चेकजाँच गरेर मात्र सवारी साधन चलाउनुपर्नेछ ।

(घ) तोकिएको भन्दा बढी भार क्षमता र गतिमा सवारी साधन चलाउन पाइनेछैन ।

(ङ) सवारी साधन चलाउँदा मोबाइल फोनको प्रयोग र ठूलो आवाजमा संगीत बजाएर सवारी साधन चलाउन पाइने छैन । सडकमा ध्यान केन्द्रित गरेर सुरक्षित साथ सवारी साधन चलाउनुपर्नेछ ।

(च) लेन अनुशासनको पालना गर्नुपर्नेछ ।

(छ) अटो रिक्साको अगाडिको भाग तथा चालकको दाँया बाँया यात्रु तथा मालसामान राख पाइने छैन।

(ज) सवारी साधनको बाहिरी भागमा यात्रु राख र सामान झुण्याउन पाईने छैन।

(झ) सामाजिक सद्भाव र सडक सुरक्षामा ध्यान दिदै यात्रुमैत्री व्यवहार गर्नुपर्नेछ साथै अशक्त, ज्येष्ठ नागरिक, बालबालिकालाई विशेष ध्यान पुयाउनु पर्नेछ।

(ञ) सडकमा जथाभावी सवारी साधन रोक्ने, पार्किंग गर्ने आदि कार्य गर्न पाइनेछैन। होशियारीपूर्वक सवारी साधन चलाउनुपर्नेछ।

(ट) मादक पदार्थ तथा लागुऔषध सेवन गरी सवारी साधन चलाउन पाइनेछैन।

(ठ) प्रचलित कानूनद्वारा प्रतिबन्धित मालसामान तथा चिजवस्तु ओसारपसार गर्न पाइनेछैन।

(ड) सवारी साधन पूर्ण रुपमा रोकिएको अवस्थामा मात्र यात्रु ओराल्ने चढाउने गर्नुपर्नेछ।

(ढ) रातीको समयमा यात्रा गर्दा लाइट र हर्नको सही सदुपयोग गर्नुपर्नेछ।

(ण) आफुखुशी सवारी साधनको स्वरुप परिवर्तन गर्न पाइने छैन।

(त) सवारी दुर्घटना, सवारी आवागमन अवरोध, ट्राफिक समस्या तथा गुनासो भए तत्काल ट्राफिक प्रहरी कार्यालय र गाउँ कार्यपालिका कार्यालयमा जानकारी गराउनुपर्नेछ।

(त) अटो रिक्साको अगाडी रुट नं. र स्थान देखिने गरी प्रष्ट राखुपर्नेछ।

(थ) माथि उल्लेखित बाहेक अन्य कुराहरु यातायात सम्बन्धी प्रचलित कानूनमा व्यवस्था भए बमोजिम सवारी चालकले पालन गर्नुपर्नेछ।

(द) प्रत्येक सवारी चालकले आफ्नो परिचय खुल्ने परिचयपत्र गाडिमा देखिने गरि राख्नु पर्नेछ।

**११. यात्रुको सुरक्षाः** यात्रुको सुरक्षाको लागि प्रत्येक सवारी साधनले निम्नानुसारका नियमहरु पालना गर्नु गराउनु पर्नेछ।

(१) अटो रिक्साको दाहिने तर्फबाट यात्रु चढ्ने र झर्ने गर्न नमिल्ने बनाउनु पर्नेछ।

(२) स्थान अनुसारको भाडादर उल्लेख गरी सवारी साधनमा सबैले देख्ने गरी टाँस गर्नुपर्नेछ।

(३) सवारी धनीले आफ्नो सवारी साधन भित्र अस्थायी फोहोर संकलन गर्ने भाडो राखि यात्रुहरुले यात्राको समयमा सडकमा जथाभावि फोहोर नफाल्ने व्यवस्था मिलाउनु पर्दछ।

(४) माथि उल्लेख भएका बाहेक प्रचलित सवारी ऐन तथा कानून बमोजिम यात्रुको सुरक्षा सम्बन्धि व्यवस्था मिलाउनुपर्नेछ।

**१२. बीमा सम्बन्धी व्यवस्थाः**

(१) सवारी धनी वा व्यवस्थापकलाई बीमा बापतको रसिद काटेको आधारमा मात्र नगरी अनिवार्य रुपमा सम्बन्धित बीमा कम्पनीसँग सो रकम बरावरको बीमा पोलिसी वा प्रमाणपत्र लिनुपर्ने अन्यथा दुर्घटना बापत क्षतिपूर्ति नपाइने व्यहोराको जानकारी दिनुपर्नेछ। कार्यालयमा बीमाको कागजात पेश नगरेमा कार्यालयबाट सम्पादन हुने सवारी सम्बन्धी कुनै पनि सेवाहरु प्रदान गरिने छैन।

(२) प्रत्येक सवारीले ऐन र नियमावलीले तोके बमोजिमका दुर्घटना बीमा, मजदुर बीमा, तेस्रो पक्ष बीमा आदि बीमाहरु गरेको हुनुपर्नेछ।

(३) बाटो इजाजत जारी वा नवीकरण गर्दा उक्त सवारीको सम्बन्धित अभिलेखमा बीमाको नाम र बहाल अवधी जनाउनु पर्नेछ।

**१३. जरिवाना सम्बन्धी व्यवस्थाः**

(१) सवारी दर्ता अनुमति नलिई, स्वीकृति नलिई (रंग, सिटको स्वरुप, इन्जिन, च्यासिस आदि। सवारी चलाएमा वा सवारी आवगमनमा बाधा पुर्याएमा पहिलो पटक रू. १ हजार, दोस्रो पटक रु. २५००।- र तेस्रो पटकदेखि पटकै पिच्छे ५ हजार रुपैयाँ जरिवाना हुनेछ।

(२) तपसिल बमोजिम कसुर गर्नेलाई तत्काल ट्राफिक प्रहरीले नियमानुसार जरिवाना गर्नेछ । सो रकम तत्काल बुझाउन नसक्नेलाई २४ घण्टाभित्र सम्बन्धित गाउँपालिकाको कार्यालयभित्र पठाउनुपर्नेछ । गाउँपालिकाले कसुर खुलाई ट्राफिक प्रहरीको सिफारिशको आधारमा पहिलो पटक रु ५००।-, दोस्रो पटक रु.१०००।- तेस्रो पटक रु.१५००।- र त्यसपछि पटकै पिच्छे रू. १५००।– का दरले जरिवाना गरी सचेत गराउन सक्नेछ।

(क) ट्राफिक संकेत वा इशारा उल्लंघन गरी चलाएमा।

(ख) पार्किंग निषेध गरिएको ठाँउ वा समयमा पार्किड गरेमा।

(ग) सवारी मोड्न वा ध्वनि संकेत निषेध गरेको ठाँउमा सवारी मोडेमा वा ध्वनि संकेत गरेमा

(घ) गलत साइडतर्फ सवारी साधन चलाएमा,

(ड) एकतर्फी सडकमा सो विपरित सवारी साधन चलाएमा,

(च) अवस्था ठीक नभएको सवारी साधन चलाएमा,

(छ) निर्धारित भन्दा बढी गतिमा सवारी साधन चलाएमा,

(ज) राती बत्ति नबाली सबारी साधन चलाएमा,

(झ) मादक पदार्थ सेवन गरी सवारी साधन चलाएमा,

(अ) नम्बर प्लेट नराखी वा अंक र अक्षर नबुझिने नम्बर प्लेट राखी चलाएमा,

(ट) निर्धारित सिट भन्दा बढी यात्रु राखी चलाएमा,

(ठ) सार्वजनिक सवारीको चालकले यात्रु लिन इन्कार गरेमा,

(ड) निर्धारित भाडादर भन्दा बढी भाडा असुलेमा,

(ढ) लापरवाही साथ सवारी साधन चलाएमा,

(ण) बाटो इजाजतपत्र नलिई सवारी चलाएमा,

(त) चालक अनुमतिपत्र साथमा नलिई चलाएमा,

(च) प्रचलित कानूनमा उल्लेखभएका अन्य व्यवस्थाहरुको उल्लंघन भएमा,

**१४. जाँचपास सम्बन्धी व्यवस्था**: यस सवारी साधनको जाँचपास सम्बन्धी व्यवस्था प्रचलित कानूनमा भए बमोजिम हुनेछ।

**१५. भाडा दरः**

(१) गाउँपालिका क्षेत्रभित्र सञ्चालन हुने सवारी साधनको भाडादर दफा ३ अनुरुप गठित समितिले निर्धारण गरे बमोजिम हुनेछ ।

(२) भाडादर समयानुकुल परिवर्तन गर्नुपर्ने भएमा दफा ३ अनुरुप गठित समितिले परिवर्तन गर्न सक्नेछ ।

(३) तोकिएको भाडादर भन्दा बढी असुल गरेको पाइएमा दफा १३ बमोजिम दण्ड सजाय तथा जरिवाना हुनेछ ।

**१६. पटके कर सम्बन्धी व्यवस्थाः** गाउँपालिकाले प्रदान गरेको रुट परमिट भन्दा अन्य ठाँउमा सवारी चलाउनुपर्ने भएमा समितिले निर्धारण गरे बमोजिम पट्के कर तिर्नुपर्नेछ ।

**१७. सम्पर्क एकाइ गठन गर्नेः**

(१) यस कार्यविधिमा भएको व्यवस्था कार्यान्वयन, अभिलेख व्यवस्थापन र समन्वय गर्न गाउँपालिका अन्तर्गत एउटा एकाई खडा गरिनेछ ।

(२) उपदफा १ बमोजिम एकाई खडा नहुँदासम्मको लागि कार्यपालिकाले कुनै कर्मचारीलाई सो कार्य गर्न जिम्मेवारी दिन सक्नेछ ।

(३) टेम्पो तथा अटोरिक्सा दर्ता तथा नवीकरण गर्नको लागि दर्ता अधिकारीको रुपमा प्रमुख प्रशासकीय अधिकृतले अधिकृतस्तरको कुनै कर्मचारीलाई तोक्न सक्नेछ । यसरी दर्ता अधिकारी नतोकिएसम्म सामान्य प्रशासन शाखाले उक्त कार्य गर्नेछ । दर्ता तथा नवीकरणमा प्रमुख प्रशासकीय अधिकृतले प्रमाणित गर्नेछ ।

**१८. अनुगमनः** (१) ट्राफिक प्रहरी र गाउँपालिकाले यस कार्यविधि बमोजिम अटोरिक्सा सञ्चालन भए नभएको अनुगमन गर्नुपर्नेछ ।

**१९. विविधः** (१) यस कार्यविधिमा उल्लेख नभएका विषयहरुमा प्रचलित सवारी तथा यातायात सम्बन्धी कानूनमा व्यवस्था भए बमोजिम हुनेछ ।

(२) यस कार्यविधिलाई आवश्यकतानुसार गाउँ कार्यपालिकाले संशोधन गर्न सक्नेछ ।

**आज्ञाले**

सरद गौतम

प्रमुख प्रशासकीय अधिकृत

**(दफा ५ सँग सम्बन्धित)**

## अटोरिक्सा तथा ई-रिक्सा सूचीकरण गर्नको लागि निवेदनको नमुना

मितिः- ................................

श्री प्रमुख प्रशासकीय अधिकृतज्यू,
गाउँ कार्यपालिकाको कार्यालय,
ऐरावती गाउँपालिका, बरौंला, प्युठान।

विषयः टेम्पो/अटोरिक्सा/ई-रिक्सा सुचिकृत गरी पाँउ।

यस ऐरावती गाउँपालिकाको क्षेत्रभित्र मेरो/हाम्रो नाममा रहेको निम्नानुसारको सवारी साधन सञ्चालन गर्न तपशिल बमोजिमको विवरण र कागजातहरुका साथै रु. .......... अक्षरेपी ...................... राजश्व दाखिला भौचरको प्रतिलिपि संलग्न गरी टेम्पो/अटोरिक्सा सूचीकरण गरिदिनुहुन यो निवेदन पेश गरेको छु।

तपशिलः

१. सवारी धनीको नामः

२. सवारी साधन नम्बरः

३. इन्जिन नम्बरः

४. चेसिस नम्बरः

संलग्न कागजातहरुः

क. सवारी दर्ता प्रमाणपत्रको प्रतिलिपि

ख. सवारी चालक प्रमाणपत्रको प्रतिलिपि

ग. प्रदुषण मापदण्डभित्र परेको प्रमाणपत्रको प्रतिलिपि

घ. सक्कल भन्सार प्रज्ञापन पत्र/भन्सार महशुल तिरेको रसिदको प्रतिलिपि

ङ. फर्म वा कम्पनी भए दर्ता भएको प्रमाणपत्रको प्रतिलिपि

च. आयकर दर्ताको प्रमाणपत्र / करचुक्ता प्रमाणपत्र / मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्रको प्रतिलिपि

छ. बीमाको कागजातको प्रतिलिपि

ज. वित्तिय संस्थावाट ऋण लगानी भै दर्ता हुनेहरुको हकमा वित्तिय संस्थाको दर्ता प्रमाणपत्र, आयकरको करचुक्ता र व्यक्ति भए नागरिकताको प्रमाणपत्रको प्रतिलिपि

झ. सवारीधनी स्वयं उपस्थित हुनुपर्ने, स्वयं उपस्थित हुन नसक्ने भएमा सवारी धनीले मन्जुरीनामा दिएको पत्र ।

निवेदक

नाम थरः-

ठेगानाः-

सम्पर्क नम्बरः-

हस्ताक्षर/छापः-

**अनुसूची २**
**(दफा ८ सँग सम्बन्धित)**
रुट परमिटको किताबको नमुना
**ऐरावती गाउँपालिका, बरौंला, प्युठान**
**रुट परमिट इजाजत पत्र**

सवारी दर्ता नं.

सवारी धनीको नामः
ठेगानाः
सवारी धनीको हस्ताक्षरः

**दर्ता गर्ने अधिकारीको हस्ताक्षरः**

**<u>सवारी साधनको विस्तृत विवरण</u>**

१. कम्पनीको नामः
२. सवारीको मोडलः
३. बनेको मितिः
४. सिलिण्डर संख्याः
५. हर्ष पावरर सिसिः
६. च्यासिस नम्बरः
७. इन्जिन नम्बरः
८. सवारीको रंगः
९. चालक सहित सीट क्षमताः
१०. पेट्रोल/डिजेलः
११. रेडियो छ छैनः
१२. खरिद भै आएको मानिस वा कम्पनीः
१३. प्रयोगः
१४. चलाउने रुटः
१५. भन्सार निस्साः
इजाजत पत्र पाएको क्षेत्र (रुट)
बहाल अवधिः

**इजाजत पत्र दिने अधिकारीको**
नामः
पदः
दस्तखतः
मितिः